# छिन्नमस्ता गाउँपालिका
## Chhinnamasta Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office Of The Rural Municipal Executive

छिन्नमस्ता,सप्तरी
Chhinnamasta, Saptari
मधेश प्रदेश,नेपाल
Madhesh Province, Nepal

प.स.(Letter No):२०८३/०८४ Website:www.chhinnamastamun.gov.np

चलानी नं.(Ref No.): १३९ मिति(Date):२०८३/०५/१५

विषय : विद्यार्थी विवरण सत्यापन तथा IEMIS अद्यावधिक गर्ने सम्बन्धमा ।

श्री प्रधानाध्यापक ज्यु,
सामुदायिक तथा संस्थागत विद्यालयहरु (सबै),छिन्नमस्ता गाउँपालिका,सप्तरी ।

उपयुक्त सम्बन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र (शिक्षा विभाग),सानोठिमी,भक्तपुरको प.स.२०८३/०८४,चलानी न.५ को मिति २०८३/०४/२० को प्राप्त पत्रानुसार शैक्षिक शत्र २०८३ मा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा विद्यालयहरुबाट प्रविष्टि भएका विद्यार्थी विवरणमा शुद्धता कायम गर्नु अति आवश्यक रहेको छ । विद्यार्थी सङ्ख्याका आधारमा निकासा हुने अनुदान तथा अन्य सुविधाहरु पारदर्शी र यथार्थ परक बनाउनका लागि विद्यालयहरुले देहाय अनुसारका कार्यहरु अनिवार्य रुपमा गरी विवरण सत्यापन गर्न/गराउनुहुन यो पत्र जारी गरीएको छ ।

१. IEMIS मा प्रविष्टि भएका विद्यार्थीहरु आफ्नो विद्यालयमा नियमित रुपमा अध्ययनरत रहे/नरहेको यकिन गरी Duplicate Student Report मेनुको प्रयोग गरी दोहोरिएको विद्यार्थीहरुको विवरण तत्काल हटाई अद्यावधिक गर्ने ।
२. वालविकास र कक्षा १ बाहेक अन्य कक्षामा नयाँ भर्ना हुने विद्यार्थीहरुको हकमा IEMIS मार्फत अनिवार्य रुपमा विद्यार्थी ट्रान्सफर गरी मात्र भर्ना लिने/प्रविष्टि गर्ने व्यवस्था मिलाउने ।
३. IEMIS मा प्रविष्टि भएका विद्यार्थीको राष्ट्रिय परिचय पत्र नम्बर (NID Line/Number) अनिवार्य रुपमा अद्यावधिक गर्ने ।
४. अनुदान तथा रकम निकासा गर्नु अघि स्थानीय तहबाट भौतिक तथा प्राविधिक अनुगमन हुने हुँदा विद्यालयमा कायम रहेका वास्तविक विद्यार्थी सङ्ख्या मात्र IEMIS प्रणालीमा कायम गर्ने ।
५. प्रविष्ट विवरणको सत्यता र शुद्धताको सम्पूर्ण जिम्मेबारी सम्बन्धित विद्यालय प्रधानाध्यापकको नै हुनेछ ।

तपसिल (पेश गर्नुपर्ने अनिवार्य कागजातहरु) :

१. विद्यार्थीको राष्ट्रिय परिचयपत्र नम्बर (NID) उल्लेख भएको व्यक्तिगत विवरण/परिचयपत्र प्रतिलिपि ।
२. सम्बन्धित वडा कार्यालयबाट जारी भएको आधारिकारी जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. IEMIS बाट निकालिएको Duplicate Student Report तथा अद्यावधिक विद्यार्थी संख्याको प्रमानिकृत प्रतिबेदन ।
४. अन्य विद्यालयबाट स्थानान्तर भई आएका विद्यार्थीहरुको हकमा स्थानान्तरण प्रमाणपत्र (Transfer Certificate-TC) ।
५. अतः मिति २०८३ भाद्र ३१ गतेभित्र आफ्नो विद्यालायको IEMIS विवरण पूर्ण रुपमा अद्यावधिक गरी माथि उल्लेखित तपसिल बमोजिमका कागजातहरु र NID नम्बर सहितको जन्मदर्ता प्रमाणपत्र संलग्न राखी यस शिक्षा,युवा तथा खेलकुद शाखामा अनिवार्य रुपमा पेश गर्नुहुन अनुरोध छ ।

..............
केशब कुमार झा
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत